# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः
च.नं.:

मितिः २०७५।१२।...

श्री प्रमुखज्यू,
लोमान्थाङ्ग गाउँपालिका,
लोमान्थाङ्ग, मुस्ताङ्ग ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट लोमान्थाङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानुन तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानुनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१३ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ६८ हजार र नियमित गर्नुपर्ने रु.४ लाख १७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १६ (सोह्र) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# लोमान्थाङ्ग गाउँपालिका, मुस्ताङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७४/७५

**परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ। गण्डकी प्रदेशमा अवस्थित यस गाउँपालिका अन्तर्गत ५ वटा वडा, २३ गाउँ सभा सदस्य, क्षेत्रफल ७२६ वर्ग कि.मी. र जनसंख्या २६३४ रहेको छ।

**स्थानीय सञ्चितकोष –** आर्थिक वर्ष २०७४/७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| **आय** | | | **व्यय** | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **१. गत वर्षको जिम्मेवारी** | | ७,४०४,१९४.४६ | **१. चालु खर्च** | | |
| ग-४ स्थानीय संचित कोष खाता | ६,१२५,०३७.० | | **गाँउपालिका चालु खर्च** | **११०८३४६०.९८** | **११,०८३,४६०.९८** |
| ग-२.२ स्थानीय पूजिँगत खाता | **१,०६८,९३३.७** | | **सशर्त अनुदान खर्च** | | **३०,८६०,०८८.२६** |
| ग- २.१ स्थानीय संचित कोष खाता | **२१०,२२३.८** | | कषि कार्यक्रमतर्फ | ३०३२१०.०० | |
| **२. आन्तरिक आयतर्फ** | | १,०१३,३४४.०० | स्वास्थ्य | ५१०४६०६.४६ | |
| सिफारिस दस्तुर | ३९,६७५.० | | शिक्षा | १९९७५३२७.०० | |
| पसल व्यवसाय कर | ०.० | | पशुतर्फ | ३०३२१०.०० | |
| कृषि पशुपालन व्यवसाय कर | ०.० | | आयुर्वेदतर्फ | ११७२७३४.८० | |
| यातयात व्यवसाय कर | ०.० | | सामाजिक सुरक्षा | ४००१०००.०० | |
| फर्निचर कर | ०.० | | **सशर्त अनुदान फिर्ता खर्च** | | **१०,०६५,९११.८०** |
| घर बहाल कर | ०.० | | शिक्षाअनुदान तर्फ | १९८२६७३.०० | |
| मनोरञ्जन कर | ०.० | | सामाजिक सुरक्षा | ३९३६०००.०० | |
| मालपोत कर | ९५१,०६९.० | | आयुर्वेदतर्फ | ७९१२६५.२० | |
| अन्य दस्तुर | २२,६००.० | | कृषि तर्फ | ७९०.०० | |
| **३. वित्तिय समानिकरण अनुदान** | | | स्वास्थ्य अनुदान तर्फ | ३०५२३९३.६० | |
| | | १००००००००० | भेटनरी प्राविधिक पारिश्रमिक | ३०२७९०.०० | |
| वित्तिय समानिकरण अनुदान चालु | १००,०००,०००.० | | | | |
| **४. सशर्त अनुदान** | | | **२ पूँजीगत खर्च** | | ७७,२५८,३६५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षा | २१,९५८,०००.० | ४२,८४१,०००.०० | गाँउपालिका पुजिगत खर्च | ७७२५८३६५.०० | |
| स्वास्थ्य | ८,१५७,०००.० | | शसर्त अनुदान पुँजीगत खर्च | | |
| आयुर्वेद | १,९६४,०००.० | | सशर्त अनुदान पुँजीगत खर्च फिर्ता गर्न वाँकी | ७४३०४७.०० | **७४३,०४७.००** |
| पशुसेवा | ६०६,०००.० | | | | |
| कृषि विकास | ३०४,०००.० | | | | **०.००** |
| दुर्गम क्षेत्र विकास समिति | | | | | |
| **पूँजीगत खर्च** | १,७००,०००.० | | | | |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १९१,०००.० | | **३. बैंक मौज्दात** | | **२२,०२२,७५९.४२** |
| चालु खर्च | ०.० | | ग-४ स्थानीय संचित कोष खाता | ८८८५३८१.१८ | |
| पुजिँगत खर्च | ०.० | | ग-२.२ पुजिगत खाता | १०४१६५६८.७० | |
| झोलुङ्गे पुल ( जिल्ला प्राविधिक कार्यालय ) | २४,०००.० | | ग-२.१ चालु खर्च खाता | १९७७६२.५४ | |
| सामाजिक सुरक्षा | ७,८७७,०००.० | | सशर्त अनुदान पूँजिगत खर्च | ७४३०४७.०० | |
| सामाजिक सुरक्षा जम्मा विजय श्रेष्ठ | ६०,०००.० | | | | |
| **५. अन्य आय तर्फ** | | ३२०४७ | | | |
| चालु खाता नुर्वु जम्मा | ३२,०४७.० | | | | |
| गणेश मल्ल पेश्की फिर्ता | | | | ०.०० | |
| **संचित कोष जम्मा आम्दानी तथा अल्या** | | **१५१,२९०,५८५.४६** | **संचित कोष जम्मा खर्च तथा मौज्दात** | | **१५१,२९०,५८५.४६** |
| **ग-३ धरौटी खाता** | | | | | |
| धरौटी आम्दानी | ७२२,०३६.० | **७२२,०३६.००** | ग-३ धरौटी खाता मौज्दात | ७२२०३६.०० | **७२२,०३६.००** |
| **कुल आय** | | **१५२,०१२,६२१.४६** | **कुल व्यय** | | **१५२,०१२,६२१.४६** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष गाउँपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| २. | **आय र व्ययको यथार्थता :** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले कार्यालयको बजेट प्रक्षेपण वास्तविक आम्दानी तथा खर्चमा निम्नानुसार फरक परेको देखिन्छ । गाउँपालिकाले बजेट प्रक्षेपण गर्दा यथार्थ आय र व्ययसँग मिल्ने गरी प्रक्षेपण गर्न ध्यान दिनुपर्दछ । | |

(रकम रु. हजारमा)

| सि.नं. | व्यहोरा | बजेट प्रक्षेपण | यथार्थ रकम | फरक रकम | फरक प्रतिशत | कैफिय |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक कर तथा आय | ८७७ | १०,१३ | १३६ | १५.५० | बढी |
| २. | चालु खर्च | ६,१६,६६ | ५,२०,०९ | १०४०९ | २५.०३ | बढी |
| ३. | पूजिगत खर्च | ९,२८,१७ | ७,७२,५८ | १५५५९ | १६.७६ | घटी |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादात्म्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाई कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ४. | **स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ५. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाको प्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| ६. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको छैन । तथ्याङ्क बेगर | |

| | | |
|---|---|---|
| | प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा वार्षिक विवरण पेश गर्नुपर्दछ । | |
| ८. | **योजना तर्जुमा तथा कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ९. | **नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष नक्सा पासको कार्य गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउनेतर्फ पहल गरिनु पर्दछ । | |
| १०. | **स्थानीय राजस्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको उपर्युक्त व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| ११. | **स्रोत अनुमान र बजेट निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा स्रोत अनुमान र बजेट निर्धारण समिति गठन गरेको देखिन्छ । त्यस्तै ऐनको दफा ६६(३) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भए तापनि समिति गठन पश्चात ती समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| १२. | **चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन । | |
| १३. | **स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन । | |
| १४. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले गत विगत वर्ष देखिको वक्यौता असुली विवरण नराखेकोले सो स्थिति यकिन गर्न सकएिन । बक्यौता हिसाव राखि अद्यावधिक गर्नुपर्दछ । | |
| १५. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनवमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी | |

| | | |
|---|---|---|
| | कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>● पुराना मालसमानको मूल्य नखुलेको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४)<br>● जिन्सी मालसमानको लिलाम/मर्मत नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३)<br>● पेश्की समयमा फछ्र्यौट नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३)<br>● उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२))<br>● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८)<br>● सवारी साधनको लगबुक नराखेको (आर्थिक कार्यविधी नियमावली, २०६४ को ३६(३))<br>● शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेखेको ।<br>कानुनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १६. | **आन्तरिक लेखापरीक्षण -**स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७७(२) अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ ।गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षणगराएकोदेखिएन । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानुनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गरे वा नगरेकोल जस्ता विषयमा जानकारी हुने कानुनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमिति रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ । | |
| १७. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | |
| १८. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ६.३ गाँउपालिका कायम हुँदा सो भित्र गाभिएका साविकको गाँउ विकास समिति त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा खभिलेख त्यसरी कायम भएका गाउँपाललिकामा स्वत हस्तान्तरण भई सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र गाउँपालिकाले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगत साविकका छोसेर, छोन्हुप र लोमन्थाङ गा.वि.स.बाट घर जग्गाको लगत तथा जिन्सी सामाग्री गाउँपालिकाले प्राप्त गरेको वा हस्तान्तरण भै आएको देखिएन ।साविकका गा.वि.स.मा रहेको सम्पत्ति एवं जिन्सी खोजी गरी गाउँपालिकाको सम्पत्ति अद्यावधिक गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ । | |
| १९. | **सेवा प्रवाह** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ अनुसार गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । गाउँपाललिकाले दिएको विवरण अनुसार यस वर्ष नागरिक सिफारिस १६७, घरबाटो सिफारिस १७, नाता प्रमाणित ४३, जन्म दर्ता १४७ र अन्य | |

| | | |
|---|---|---|
| | ३८ वटालाई सिफारिस तथा दर्ता गरेको देखियो । गाउँपालिकाले ऐन अनुसार उक्त कार्य मात्र गरेको देखिएकोले ऐन बमोजिम तोकिएको अन्य कार्य समेत गरी सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| २०. | **दरबन्दी/पदपूर्ति स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन तथा सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन २०७४ बमोजिम कर्मचारी समयोजन नभएसम्म , कर्मचारीको व्यवस्था गर्न र सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाजमा खटाउनको लागि तथा गाउँपालिककोा कार्य जिम्मेवारिता परेका विषयमा नेपाल सरकारका निकायमा सम्पत्ति, दायित्व समेत गाउँपालिकामा हस्तान्तरण गर्न नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१२।१८ को निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ स्वीकृत भएको छ । गाउँपालिकामा अस्थायी २७ दरबन्दी स्वीकृत भएकोमा हाल एक जना प्रमुख प्रशासकिय अधिकृत, सब इञ्जिनियर र सह लेखापालको मात्र पदपूर्ति भएको छ । यस गाउँपालिका अर्न्तगत ५ वडा रहेको वडा सचिव समेत कृषि, भेटनरी जस्ता प्राविधिक बाट सञ्चालन भएको देखियो । गाउँपालिका स्थापना भएको दुई आर्थिक वर्ष वितिसकेको भएता पनि कर्मचारीको व्यवस्था गर्न नसक्नु, कर्मचारी समायोजनमा सरकार अल्मलिदाँ तथा गाउँपालिका कार्य जिम्मेवारिमा परेका विषयमा स्थानीय तहले प्रभावकारी रुपमा आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्न सक्ने अवस्था देखिदैन । अतः सम्बन्धित निकायले गाउँपालिका कार्य क्षेत्रभित्र जिम्मेवारिमा परेका विषय र तोकिएको दरबन्दी अनुसारको पदपूर्ति गरी स्थानीय सेवा प्रवाह तथा विकासका कार्यलाई प्रभावकारी बनाउन समयमै ध्यान दिनु पर्ने देखियो । | |
| २१. | **वार्षिक कार्यक्रम तथा प्रगति–**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम २ र नियम २५ को उपनियम (१) बमोजिम कार्यालयबाट पेश भएको प्रगति विवरण पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको विवरण अनुसार जम्मा ८५ कार्यक्रम मध्ये २ वटा शुन्य प्रगति, ४ योजना ५० भन्दा माथि प्रतिशत र वाँकी योजना ७५ प्रतिशत भन्दा माथि प्रगति भएको देखिन्छ । कार्यालयले तोकिएको ढाँचा अनुरुप प्रत्येक कार्यक्रमको भौतिक र वित्तीय प्रगति देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको पाइएन । अतः वार्षिक कार्यक्रम अनुसार भौतिक र वित्तिय प्रगति देखिने प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २२. | **चौमासिक खर्च व्यवस्थापन –** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताबिक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन ।पूँजीगत कार्यक्रमतर्फ अधिकांश कार्यक्रम/योजना तेश्रो चौमासिकमा संचालन भई खर्च भएको देखिन्छ । पूँजीगत कार्यक्रमतर्फ आषाढ महिनामा मात्ररु. ७ करोड १० लाख ५९ हजार खर्च भई कूल पूँजीगत खर्चको ८१.४४ प्रतिशत खर्च भएको छ । अतः कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम संचालनहुनुपर्दछ । | |
| २३. | **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी खर्च वापत २.५ प्रतिशत वर्कचार्ज स्टाफ र २.५ प्रतिशत सानातिना अन्य खर्च समावेश गर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले विभिन्न प्रकृतिका कार्य इन्धन, मर्मत, ज्याला आदिमा रु.९,८४,०००।- खर्च गरेको छ । उक्त खर्चमा चालु प्रकृतिको खर्चहरु जस्तै इन्धन, ज्याला, मर्मत कन्टिन्जेन्सीबाट खर्च गर्दा दोहोरो खर्च देखिने हुँदा कन्टिन्जेन्सी खर्चको स्पष्ट कार्यविधि बनाई अभिलेख राखी खर्च गर्नुपर्ने देखिएको छ । | |
| २४. | **आन्तरिक आय तर्फ** | |
| २५. | **राजस्व लेखा, स्रेस्ता सम्बन्धमा –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व स्रेस्ता सम्बन्धमा उल्लेख छ । जस अनुसार राजस्व स्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिशमा महालेखापरीक्षबाट विभिन्न फाराम तथा खाताहरुको व्यवस्था भएका छन् । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फारम तथा खाताहरुको प्रयोग गरी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले यस वर्ष मालपोत दस्तुर, पञ्जीकरण शुल्क, विभिन्न किसिमका | |

सिफारिश समेतबाट रु. १० लाख १३ हजार राजस्व आर्जन गरेकोमा आम्दानी रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टि गर्नका लागि प्रयोग गरिने दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८), संकलित राजस्व बैंक दाखिला विवरण (म.ले.प.फा.न.१०८) लगायतका खाता तथा विवरण राखेको पाइएन । अतः उल्लेखित खाता तथा विवरण राखी राजस्व स्रेस्ता अद्यावधिक गरिनुपर्दछ ।

## सशर्त अनुदान - शिक्षातर्फ

२६. **सीमाभन्दा बढी खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (१) मा कार्यालयले निकासा लिई बजेटको सीमा भित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने र नियम ३६ (२) मा सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आधारभूत तहको विद्यालयको देहायको शीर्षकमा बजेटको सीमा भन्दा बढी तलब भत्ताबाट रु. १०५,५००।- खर्च लेखेको देखियो । तोकिएको बजेट सीमा रही खर्च गर्नु पेर्न सीमा भन्दा बढी खर्च गरेको नियम सम्मत नदेखिएको रु. १०५,५००।-

| सि.नं. | विवरण | बजेट | खर्च | बढी खर्च |
|---|---|---|---|---|
| १ | निरन्तर मूल्याकंन | २०००.०० | ३५००.०० | १५००.०० |
| २ | क्षमता विकास | ९३०००.०० | १५५०००.०० | ६२०००.०० |
| ३ | सामाजिक परीक्षण | ६३०००.०० | १०५०००.०० | ४२०००.०० |
| | **जम्मा** | | | **१०५,५००.००** |

२७. **विद्यालय मर्ज तथा बाल विकास केन्द्र स्थापना सम्बन्धमा –** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को मार्गदर्शनको बुँदा नं. ७ ले खर्चको उपादेयता कायम गरी बजेट उपयोग गर्ने, प्रतिफलमूखी कार्य संहिता निर्माण गरी मितव्ययी संस्कृतिको विकास गर्ने, थोरै लगानीमा उच्च प्रतिफल प्राप्त गर्ने, लागत प्रभावी कार्य संस्कृतिको विकास गरी सार्वजनिक निकायका सबैले जवाहदेहिता वहन गर्ने व्यवस्था गरेको छ । साथै बुँदा नं. १८ मा विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गराउने व्यवस्था गरेको छ । यस गाउँपालिका अर्न्तगत निम्न विद्यालयहरुलाई कक्षा ३ सम्म साविक जिल्ला शिक्षा कार्यालयले अनुमति दिएको भए तापनि विद्यालयगत तथ्यांकं संकलन भएको फ्ल्यास रिर्पोट अध्ययन गर्दा कक्षा १ सम्म संचालनमा रही न्यून विद्यार्थी रहेको देखियो । यसरी कक्षा १ मा मात्र विद्यार्थी भएका विद्यालयलाई बाल विकास केन्द्र स्थापना गरी ती विद्यालयलाई मर्ज गर्दा नेपाल सरकारको रु.२६,९६,८२६।७५ वचत हुने देखिन्छ । विद्यालयको ठाउँमा वालविकास केन्द्र राख्दा स-साना वालवालिका पनि पायक पर्ने स्थानमा पढ्न पाउने र नेपाल सरकारको पनि खर्च कटौती हुने देखिन्छ । तसर्थ मार्गदर्शन बमोजिम सार्वजनिक कोषको परिचालन एवं उपयोगमा मितव्ययिता एवं प्रभावकारिता कायम गरेर नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को अभियानले सार्थकता पाउने देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | विद्यार्थी संख्या कक्षा १ र अन्य कक्षामा शुन्य | यस वर्षको खर्च | बाल विकास केन्द्र राख्दा खर्च | वचत हुने रकम |
|---|---|---|---|---|---|
| १ | श्री जनप्रभात आ.वि. फुवा | ३ | ९४२३५६.७ | बालविकास केन्द्र स्थापना छ । | ९४२३५६.७ |
| २ | श्री सरस्वती आ.वि. नाम्डो | ५ | १०१६५४२ | बालविकास केन्द्र स्थापना छ । | १०१६५४१.८ |
| ३ | श्री बाल कल्याण आ.वि न्यानोल | ३ | ८१७४२८.३ | ७९५००/- | ७३७९२८.२५ |
| | | | | **जम्मा** | **२६,९६,८२६/७५** |

२८. **विद्यार्थी शिक्षक अनुपात :** विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा अधिकारीको सिफारिशमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्नेव्यवस्था छ । निर्देशिकाको बुंदा नं. १४ (१) विद्यालय समायोजन सम्वन्धी कार्यक्रम

कार्यान्वयनका लागि विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन तयारी गर्नु पर्ने व्यवस्था छ । यस जिल्लामा प्रति शिक्षक विद्यार्थी अनुपात ०.६७ देखि ६ भएका १० विद्यालय रहेको लेखापरीक्षण वाट देखिएको छ । ती १० विद्यालयका १५३ विद्यार्थीलाई अध्यापन गर्न ४४ शिक्षकको तलब भत्ता वापत रु. १,९९,७५,३२७१० खर्च गरेको छ । सो अनुसार प्रति विद्याथी शिक्षक तलव भत्ता र अन्यमा मात्र रु १,३०,५५७- खर्च भएको छ । यसबाट प्रति विद्यार्थी लागत बढ्न गएको छ । साथै भौगोलिक दुरी टाढा भएमा बाल विकास केन्द्र स्थापना गरी न्यून विद्यार्थी भएका विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखियो ।

## सामाजिक सुरक्षा तर्फ

२९. **बढी भुक्तानी –** सामाजिक सुरक्षा कार्यविधि संचालन कार्यविधि (संशोधन सहित) २०७२ को दफा ५ अनुसार भत्ता पाउने जेष्ठ नागरिकको शुरु उमेर पुगेको पछिल्लो चौमासिक देखि गणना गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका लाभग्राहीहरुलाइ निर्देशिकाको परिच्छेद ४ मा भएको व्यवस्था भन्दा फरक पारी रकम वितरण गरेको देखियो । निर्देशिका भन्दा फरक पारी बढी खर्च लेखेको रकम रु. २४,०००।०० असुल गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु... २४,०००/-

| सि.न. | लाभग्रीको नाम | ठेगाना वडा नं. | जन्म मिति | ना.प्रा.नं. | भुक्तानी हुनु पर्ने | भुक्तानी भएको | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | ताम्डिङ गुरुङ्ग | ५ | २००५।१।५ | ६३९११५८५ | ०० | २४००० | २४०००/- | ज्येष्ठ नागरिक |
| | | | | | | | २४,०००/- | |

३०. **लगत नभिडेको –** देहायका लाभग्राहीको लगत नभिडेको पाइएकोले लगत भिडान नभएकोले असूल हुनुपर्ने अन्यथा प्रमाण पेश हुनु पर्ने रु................. ३६,०००/-

| सि.न. | लाभग्रीको नाम | ठेगाना वडा नं. | जन्म मिति | ना.प्रा.नं. | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ढोका गुरुङ्ग | ५ | | ६२३१००१२ | १२०००.०० | विधवा |
| २ | छुटिन गुरुङ्ग | ५ | २००५।१।५ | ५७६३९००४५ | १२०००.०० | |
| ३ | पेम्बा गुरुङ्ग | ५ | | २४३।०२७० | १२०००.०० | |
| | | | | **जम्मा** | **३६०००.००** | |

## सशर्त अनुदान –स्वास्थ्य सेवा कार्यक्रम तर्फ

३१. **कार्यक्रम संचालन :** गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएका कार्यक्रम अनुसारको कार्य संचालन गरी स्वास्थ्य सेवा पुऱ्याउनु पर्नेमा यो वर्ष स्वीकृत भएका ४५ कार्यक्रममध्ये १८ कार्यक्रम संचालन गरेको पाइएन । कार्यलयमा स्वास्थ्य सेवा संचालन गर्ने जनशक्तिको अभावका कारण कार्यक्रम संचालन नभएको र एकै व्यक्तिले विभिन्न क्षेत्रको कार्यक्रम संचालन गरेको देखियो । एकै व्यक्तिबाट कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम तथा सेवा प्रभावकारी नहुने तथा तोकिएको कार्यक्रम नै संचालन नगर्दा स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा ग्रामीण जनताले उचित र भरपर्दो सेवा प्राप्त गर्नबाट वञ्चित हुने हुँदा गाउँपालिकाले यस तर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने देखियो

| सि.नं. | विवरण | बजेट |
|---|---|---|
| १ | विद्यालय स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम | २००००.०० |
| २ | सामुदायिक स्वास्थ्य प्रवर्धन कार्यक्रम | ४६०००.०० |
| ३ | गाउँघर क्लिनिक सञ्चालन तथा क्लिनिक अपडेट | ९१०००.०० |
| ४ | सुरक्षित प्रसुति सेवा, गर्भवती तथा सुत्केरी उतप्रेरणा र आमा सुरक्षा कार्यक्रम | ८३०००.०० |
| ५ | जन्मान्तरको लागि सेटलाइट सेवा | ८२०००.०० |

३२. **सेवाप्रवाह :** गाउँ पालिका भित्र स्वास्थ्य चौकीमा प्रसुती गराएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा यो वर्ष भरी स्वास्थ्य चौकीको बर्थीङ सेन्टरमा मा सुत्केरी भै नवजात बच्चा जन्मेको कार्यालयको अभिलेखमा नदेखिएको र १४ वटै न्यानो झोला वितरण नभएको अभिलेखबाट

देखिन्छ । सुरक्षित प्रसुति सेवा, गर्भवती तथा सुत्केरी र जन्मान्तर सम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन गर्न नसक्नुले पनि स्वास्थ्य चौकीको बर्थीङ सेन्टरमा प्रसुति सेवा लिन प्रोत्साहित नभएको अवस्था देखिन्छ । यसरी बर्थीङ सेन्टरमा सुरक्षित प्रसूति सेवा लिन नआएकोले जन्मिएका बच्चा पनि स्वस्थ हुन्छन भन्न सक्ने अवस्था नदेखिएकोलेराज्यले दिगो विकासमा लिएका लक्ष्यहरु पूरा हुन कठिनाइ हुने देखिन्छ ।

साथै यो वर्ष गाउँपालिकाले २०७४।८।२७ मा १४ वटा न्यानो झोला रु.१३,९८४.०० मा खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देशन भएबमोजिमको स्पेशिफिकेशन अनुसार भए नभएको प्रमाणित गरेको नदेखिँदा झोला गुणस्तरीयता सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । तसर्थ निर्देशिकाले तोके अनुसारको झोला भए नभएको यकिन गरी खरिद गर्नुपर्ने देखिन्छ ।

३३. **फरक शीर्षकमा लेखांकन –** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ ले गरेको वर्गीकरण र व्याख्या अनुसार आर्थिक कारोवारको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्च लेख्दावर्गीकरण र व्याख्या अनुसार आर्थिक कारोवारको लेखा नराखी खर्च शीर्षक फरक पारी तलब शीर्षक (२१११११-पारिश्रमिक कर्मचारी) बाट रु. ३,११,६२०.०० खर्च लेखेको नियम सम्मत देखिएन । बजेट खर्च गर्दा तोकिएको खर्च शिर्षकमा निकासा भएको रकम सम्वन्धित खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेमा शीर्षक फरक पारी खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.. ३११,६२०/-

| **क.स.** | **विवरण** | **वजेट खर्च हुनुपर्ने खर्च शिर्षक** | **वजेट खर्च लेखेको शिर्षक** | **रकम (रु)** |
|---|---|---|---|---|
| १ | स्थानीय भत्ता | २१११२ | २११११ | २८९६२०.०० |
| २ | पोशाक भत्ता | २११२१ | २११११ | २२०००.०० |
| **जम्मा** | | | | **३११६२०.००** |

३४. **अभिलेख व्यवस्थापन :** स्थानीय तहमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन, २०७४।७५ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथाप्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नुका साथै अभिलेख व्यवस्थापन गर्नमा ध्यान दिनुपर्ने देखिन्छ ।

## वित्तीय समानीकरण अनुदान – चालु खर्च तर्फ

३५. **स्थानीय तहका पदाधिकारीको तलव भत्ता** : स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष तलव भत्ता वापत रु.३३,५४,०००।०० खर्च लेखेको पाइयो । स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुलाई तलव भत्ता तथा अन्य सुविधा प्रदेश नं ४ को प्रदेश कानुन अनुसार २०७४ श्रावण देखिनै उपलब्ध गराउने उल्लेख भए मुताविक रकम भुक्तानी भएता पनि प्रदेश कानुन २०७५ वैशाख २४ देखि राजपत्रमा प्रकाशित भएको पाइयो । राजपत्रमा सूचना प्रकाशित मिति भन्दा अगावै देखि लागु हुने गरी कानुन तर्जुमा गरी रकम खर्च लेख्न आदेश दिनु उचित देखिएन । कार्यालयले भौ.नं ४२ मिति २०७५।३।२९ मा निर्वाचित प्रतिनिधिहरुलाई श्रावण देखि वैशाखसम्मको रु. २८,३८,०००।०० तलव भत्ता तथा सुविधा खर्च लेखेको छ भने राजपत्र सूचना प्रकाशित मिति पश्चात रु.५,१६,०००।०० तलव भत्ता तथा सुविधा खर्च लेखेको पाईयो ।

३६. **औषधिको आवश्यकता –** वर्षभरिमा प्राथमिक स्वास्थ्य कन्द्र, स्वास्थ्यचौकी, उप स्वास्थ्यचौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । गाँउपालिकाले औषधी र उपकरण खरिद गर्नसम्झौता भई खरिद भएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार तय गरेको देखिएन । औषधी खरिदमा सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेकाछन्

- *आपूर्तिकर्ता हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म*

*कम्तीमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्ने,*

- *आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य समानको वाहिर Manufacture Date, Expiry Date, Batch no, Manufacture Company को नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्ने*
- *स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गने*

**<u>वित्तीय समानीकरण अनुदान (पूँजीगत तर्फ</u>**

३७. **नर्म्स फरक पारी बढी भुक्तानी–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार १:२:४ अनुपातको सिमेन्ट कंक्रिट (PCC 1:2:4) गर्ने कार्यको लागि अदक्ष कामदार ४ श्रमदिन लाग्ने उल्लेख भएकोमा कार्यालयले विभिन्न संरचना निर्माण गर्ने कार्यको लागत अनुमान तयार गर्दा उक्त आइटमको दर विश्लेषणमा ७श्रमदिन राखेको पाइयो । जसको कारणबाट प्रति घन मीटर पि.सि.सी. कार्यको लागि अदक्ष कामदारको प्रति श्रमदिन ६२५।- दरले ३ श्रमदिनको रु. १८२५।-थप लागत समावेश गरी लागत अनुमान स्वीकृत भएको छ । सोही लागत अनुमान दर अनुसार नै विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी भएको हुँदा देहायका कार्यमा रु. २,७०,९७४/- थप व्ययभार परेको देखिएको रु.... २,७०,९७४/-

| भौ.नं./मिति | योजनाको नाम | पि.सि.सी. को कार्य परिमाण (घ.मी.) | प्रति घ.मी. थप लागत | बढी भुक्तानी |
|---|---|---|---|---|
| ८-०७४/८/२४ | न्याम्डो सामुदायिक भवन निर्माण | ८.६८ | १८७५/- | १६,२७५/- |
| ११-०७४/९/२५ | चुङ्गजुङ्ग सामुदायिक भवन निर्माण | ८.६८ | १८७५/- | १६,२७५/- |
| ५८-०७५/३/२५ | १ नं. वडा कार्यालय भवन | २६.६८ | १८७५/- | ५००२५/- |
| ७८-०७५/३/२६ | २ नं. वडा कार्यालय भवन | ३२.९९ | १८७५/- | ६१,८५६/- |
| ८०-०७५/३/२६ | किमलिङ्ग पुल-नाम्म्याल गाउँ सडक (बक्स क्लभर्ट, कज वे) | १८.०५ | १८७५/- | ३३,८४४/- |
| ८७-०७५/३/२६ | ३ नं. वडा कार्यालय भवन | ३.१९ | १८७५/- | ५९८१/- |
| ९६-०७५/३/२७ | ४ नं. वडा कार्यालय भवन | ३.१९ | १८७५/- | ५९८१/- |
| ९७-०७५/३/२७ | न्याम्डो सिंचाइ कुलो मर्मत | ३.४ | १८७५/- | ६३७५/- |
| ९८-०७५/३/२७ | किमलिङ्ग आमा समूह भवन | १२.४३ | १८७५/- | २३,३०६/- |
| १०१-०७५/३/२७ | छोन्हुप स्कुल एकीकृत योजना भवन | १६.२० | १८७५/- | ३०,३७५/- |
| १११-०७५/३/२७ | ५ नं. वडा कार्यालय भवन | ३.७५ | १८७५/- | ७०३१/- |
| ११७-०७५/३/२७ | गाउँपालिका भवन | ७.२८ | १८७५/- | १३,६५०/- |
| | | | **जम्मा** | **२७०,९७४/-** |

३८. **बढी भुक्तानी–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र नियम १४८ अनुसार स्वीकृत नर्म्स तथा जिल्ला दर अनुसार लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई भुक्तानी दिँदा सोही दरको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :–

३८.१ छोन्हुप एकीकृत विद्यालय भवन निर्माण उपभोक्ता समितिलाई भौ.नं. १०१-०७५।३।२० बाट रु. २७,५५,०००।- भुक्तानी गरेको बिल, भरपाई परीक्षण गर्दा भवनको ग्राउण्ड लेभल माथिको गाह्रो माटोको जोडाइको रहेकोमा सिमेण्ट मोर्टार गाह्रोको दरबाट भुक्तानी गरेको पाइयो । माटोको गाह्रोको दर प्रति घ.मी. रु. ५६०७।- रहेकोमा कार्यालयले रु. १५,१४९।२२ का दरले भुक्तानी गरेकोले प्रति घ.मी. रु. ९५४२।२२ का दरले ६३.५० घ.मी. कार्यको बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.. ६०५,९३१/-

३८.२ ग्रामीण विद्युतीकरण आयोजनाको लागि यस वर्ष उपभोक्ता समितिलाई भौ.नं. १३१-०७५।३।७ बाट रु. ३६ लाख भुक्तानी भएको छ । उक्त आयोजनाका लागि ६४ थान स्टील ट्युबलर पोल खरिदको लागि म्याग्दी जिल्लाको दर रेट लिई निर्माण स्थलसम्मको ढुवानी लागत सहितको दर विश्लेषण गर्दा बेनीदेखिको ढुवानी लागत समावेश गर्नुपर्नेमा पोखरादेखिको लागत समावेश गरेको पाइयो । अतः पोखरादेखि बेनीसम्मको बढी ढुवानी वापत भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. (64 Nos*140kg*3.8*Rs 0.91) ३०,९८४/-

३९. **माटोको लागत–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा मितव्ययी हुने गरी तयार गर्नुपर्दछ । कार्यालयले ढुंगा, माटोको गाह्रो (Stone Masonary in Mud mortar) कार्यको लागत अनुमान तयार गर्दा एक घ.मी. गाह्रोको लागि ०.४२० घ.मी. माटो राखी सोलाई अदक्ष कामदारको दर रु. ६२५।- ले गुणा गरी रु. २६२।५० थप लागत समावेश गरेको पाइयो । एक घ.मी. कार्यको लागि माटोको गाह्रो लगाउने कार्यको लागि अदक्ष कामदार २.२६ र दक्ष कामदार १ श्रमदिनको श्रम लागत समावेश गरिसकेको अवस्थामा र निर्माण स्थलमै सहज रुपमा निःशुल्क रुपमा प्राप्त हुने सामग्री (माटो) को लागत समावेश गरेको मनासिब देखिँदैन । यस वर्ष उक्त आइटम समावेश भएका निम्न योजनाका निर्माण कार्यमा माटोको लागि निम्नानुसार रु. १५५,६७९/-थप लागत समावेश भएको छ ।

| **भौ.नं./मिति** | **योजनाको नाम** | **गाह्रोको परिमाण (घ.मी.)** | **माटोको लागत (प्रति घ.मी.)** | **जम्मा लागत रु.** |
|---|---|---|---|---|
| ६७-०७५/३/२५ | घिलिङ्ग खेल मैदान | ४१.०४ | २६२/५० | १०८७६/- |
| ६८-०७५/३/२५ | सिंजालु पर्खाल निर्माण | ५६.७० | २६२/५० | १४८८४/- |
| ७१-०७५/३/२५ | मार्चा खेतमा पर्खाल निर्माण | ६५.८८ | २६२/५० | १७२९४/- |
| ७७-०७५/३/२५ | समजुङ्ग नामासुङ्गमा पर्खाल निर्माण | ६५.८८ | २६२/५० | १७२९४/- |
| १०७-०७५/३/२७ | लुमेक खेत पर्खाल निर्माण | १२३.७४ | २६२/५० | ३२४८२/- |
| १११-०७५/३/२७ | ५ नं. वडा कार्यालय भवन | २०.७४ | २६२/५० | ५४४४/- |
| ११९-०७५/३/२७ | मादारिङ्मा पर्खाल निर्माण | ५६.७० | २६२/५० | १४८८३/- |
| १२४-०७५/३/२७ | सामुदायिक भवन, लोमान्थाङ्ग | ६५.१९ | २६२/५० | १७११२/- |
| १२२-०७५/३/२७ | सोलार बत्ती, लोमान्थाङ्ग | ३३.३० | २६२/५० | ८७४१/- |
| १०१-०७५/३/२७ | छोन्हुप स्कुल एकीकृत योजना भवन | ६३.५० | २६२/५० | १६६६९/- |
| | | | **जम्मा** | **१५५,६७९/-** |

४०. **माटो र चट्टान काट्ने कार्यको अनुपात–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा माटो र चट्टानको अनुपात १५-२० प्रतिशतसम्म राखेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| **भौ.नं./मिति** | **योजनाको नाम** | **रोड वे एक्साभेशनकोकूल परिमाण (घ.मी.)** | **स्वाइल कटिङ्ग** | | **रक कटिङ्ग** | | **रक कटिङ्ग प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| | | | **परिमाण (घ.मी.)** | **दर रु.** | **परिमाण (घ.मी.)** | **दर रु.** | |
| ८०-०७५/३/२६ | किमलिङ्ग पुल-नाम्ग्याल गाउँ सडक योजना | २१०५ | १७८९.२५ | १०५/- | ३१५.७५ | ३००/- | १५ |
| ९५-०७५/३/२७ | धमेला–चुङजुङ मोटरबाटो | ५१३५ | ४१०८ | १०५/- | १०२७ | ३००/- | २० |

अतः विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधारमा मात्र स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण हुनुर्पछ ।

४१. **क्रस सेक्सन ड्रइङ्ग नराखेको** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । सडक निर्माण योजनाहरुमा रोड वे एक्साभेशनको क्रस सेक्शन एरिया र चेनेज लेन्थको आधारमा एक्साभेशन परिमाण निर्धारण गर्दा क्रस सेक्शन ड्रइङ्गको आधारमा गर्नुपर्नेमा कार्यालयले सो बेगरै एक्साभेशन परिमाण निर्धारण गर्ने गरेको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् :-

| **भौ.नं./मिति** | **योजनाको नाम** | **रोड वे एक्साभेशन परिमाण (घ.मी.)** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ८०-०७५/३/२६ | किमलिङ्ग पुल-नाम्याल गाउँ सडक योजना | २१०५ | १७,५७,०००/- |
| ९५-०७५/३/२७ | धमेला–चुङजुङ मोटरबाटो | ५१३५ | ६६५,०००/- |

अतः विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधारमा मात्र स्वाइल कटिङ्गको अनुपात निर्धारण हुनुर्पछ ।

४२. **अनुत्पादक क्षेत्रमा लगानी–**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष छनौट गरेका ७३ वटा पूर्वाधार योजनामध्ये निम्नलिखत १५ वटा त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार रु. ८० लाख ५० हजार खर्च भएको छ :–

| **सि.नं.** | **योजनाको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १. | इलाका प्रशासनमा हट रुम निर्माण | ३००,०००/- |
| २. | गर्फु गुम्बा संरक्षण | ५००,०००/- |
| ३. | निफु गुम्बा संरक्षण | ५००,०००/- |
| ४. | नाम्याल गुम्बा संरक्षण | ५००,०००/- |
| ५. | छ्योदो गुम्बा ग्रीन हाउस | ५००,०००/- |
| ६. | गर्फु गुम्बादेखि ङिफु गुम्बासम्म रिङ रोड | ५००,०००/- |
| ७. | स्वागत गेट निर्माण, वडा नं १ | १००,०००/- |
| ८. | स्वागत गेट निर्माण, वडा नं २ | १००,०००/- |
| ९. | स्वागत गेट निर्माण, वडा नं ३ | १००,०००/- |
| १०. | स्वागत गेट निर्माण, वडा नं ४ | १००,०००/- |
| ११. | स्वागत गेट निर्माण, वडा नं ५ | १००,०००/- |
| १२. | स्वागत गेट निर्माण, लोमान्थाङ्ग | १५००,०००/- |
| १३. | न्याम्डो सामुदायिक भवन, छोनुप | १५००,०००/- |
| १४. | चुङजुङ सामुदायिक भवन | १५००,०००/- |
| १५. | छोर्तेन गुम्बा संरक्षण | २५०,०००/- |
| | **जम्मा** | **८०,५०,०००/-** |

स्थानीय सरकार सञ्चालन ऐन व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गर्न कार्यालयले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

४३. **निर्माण कार्य अधुरो–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी निर्धारित अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित कारण खुलाई ७ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ ।कार्यालयले यसै आ.व. मा सम्पन्न गर्ने गरी विभिन्न उपभोक्ता

समितिसँग सम्झौता गरिएका निम्नलिखित ४ योजनाको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न नभै अधुरो रहेको पाइयो । यस सम्बन्धमा छलफल हुँदा उक्त योजनाहरुको म्याद थप गराई कार्य अघि बढाइएको जानकारी प्राप्त भयो ।

| सि.नं. | योजनाको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम (गा.पा.ले व्यहोर्ने रकम) | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका भवन | २०७४/१२/१५ | २०७५/३/१५ | ७७९०,०००/- | ४०८४,०००/- |
| २. | ५ नं. वडा कार्यालय भवन | २०७४/१२/१५ | २०७५/३/१५ | ४६,५५,०००/- | २६५८,०००/- |
| ३. | सौर्य बत्ती जडान, लोमान्थाङ्ग | २०७४/१२/१५ | २०७५/३/१५ | ९५०,०००/- | ४७४,०००/- |
| ४. | स्वागत गेट निर्माण, लोमान्थाङ्ग | २०७४/१२/२० | २०७५/३/१५ | १४२५,०००/- | ६८८,०००/- |

४४. **योजना/कार्यक्रम सञ्चालन नभएको –** स्वीकृत वार्षिक योजना/कार्यक्रम अनुसारका कार्यक्रम सञ्चालन गरिनुपर्दछ । कार्यालयलेगाउँसभाबाट स्वीकृत भएका निम्नलिखित कार्यक्रम/योजना सञ्चालन गर्न सकेको देखिएन । अतः स्वीकृत वार्षिक योजना/कार्यक्रम अनुसारका सबै कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | स्याउ खेती, माटो परीक्षण र तालिम | १००,०००/- |
| २. | लोमान्थाङ्ग सोलार बत्ती (अण्डर ग्राउण्ड) | ६५०,०००/- |
| ३. | लोमान्थाङ्ग स्वास्थ्य चौकी, फर्निचर, भ्याक्सिन स्टोर | ५००,०००/- |

४५. पशुपालन क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत भौ.नं. ५६-०७५।३।२२ बाट रु. ७५,०००। मा ३ वटा साँढे तथा रु. १०५,०००। मा छ वटा च्याङ्ग्राको बोका स्थानीय स्तरमै खरिद गरी कृषकहरुलाई वितरण गरेको पाइयो । साँढे तथा च्याङ्ग्रा तोकिएको श्रोत केन्द्रबाट खरिद गर्नुपर्नेमा स्थानीय स्तरका कृषकबाट खरिद भएकोले उक्त साँढे तथा बोका उन्नत नश्लका हून् भन्ने सम्बन्धमा यकिन हुने आधार प्रमाण संलग्न गरेको पाइएन । अतः पशुजन्य उत्पादन वृद्धि गरी जनताको जीवनस्तर अभिवृद्धि गर्न उन्नत नश्लका पशुपालन खरिद गरिएको आश्वस्त हुने आधार सुनिश्चित गरिनुपर्दछ ।

४६. **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च–**आर्थिक कार्यविधि नियमावली, २०६४ कोनियम ३५(२)मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउँपालिका पूँजीगत अनुदानतर्फको बजेटबाट पूँजी निर्माण हुने वा पूर्वाधार विकास गर्ने कार्यमा खर्च गर्नुपर्नेमा कार्यालय सामान, मसलन्द, अनुगमन जस्ता चालु प्रकृतिका कार्यमा समेत बजेट विनियोजन गरी खर्च गर्ने गरेको पाइयो । यस्तो प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ । पूँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा खर्च गरिएका केही उदाहरण देहाय अनुसार छन् :–

| विवरण | विनियोजित रकम |
|---|---|
| विभिन्न किसिमका तालिम कार्यक्रम | ४७०,००० |
| अनुगमन तथा भ्रमण भत्ता | ५०००० |
| सामग्री ढुवानी | ७०,००० |
| मसलन्द, कार्यालय सामान | ४३००० |
| पर्यटन पार्श्वचित्र (भिलेज प्रोफाइल) | ५००००० |
| महिला सशक्तिकरण तालिम | ५००००० |

४७. **सवारी साधन खरिद –** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष भौ.नं. ४९-०७५।३।१५ र ४३-०७५।३।१५ बाट एउटा जीप र ५ थान मोटरसाइकल

| | | |
|---|---|---|
| | खरिदको लागि निम्नानुसार रु. ६५,७७,०००।- खर्च लेखेको छ । गाउँ पालिकाको आफ्नो आन्तरिक आय करिब रु. १० लाख मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा ठुलो धनराशि खर्च गरेको नियमसम्मत नदेखिएकोले यसतर्फ कार्यालयले समयमै ध्यान दिनुपर्ने देखियो । | |

| विवरण | कम्पनी, क्षमता | संख्या | दर | रकम रु. | आपूर्तिकर्ताको नाम |
|---|---|---|---|---|---|
| जीप | Mahindra Scorpio, 4WD | १ | ५१,२२,०००/- | ५१,२२,०००/- | बतास ब्रदर्श प्रा.लि. पोखरा |
| मोटरसाइकल | TVS APACHE, 200 cc | ५ | २९१,०००/- | १४,५५,०००/- | " " |
| | जम्मा | ६ | | ६५,७७,०००/- | |

| | | |
|---|---|---|
| ४८. | **निर्माण कार्यको गुणस्तर सम्बन्धमा –** गाउँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |
| ४९. | **जटिल संरचना निर्माण सम्बन्धमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण, ग्रामीण विद्युतीकरण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| ५०. | **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानुन एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्ने देखिएको छ । | |
| ५१. | **साविकका गाउँ विकास समितिको बेरुजू लगत :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । साविक गाउँ बिकास समितिको बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्यौटको अभिलेख रहेको पाईएन । | |
| ५२. | **बेरुजू -** यस गाउँपालिकाको प्रारम्भिक प्रतिवेदनअनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ११ लाख ९हजार, अनियमित बेरुजू रु. ४ लाख १७ हजार र प्रमाण कागजात पेश नभएको बेरुजू रु. २१ लाख ७६ हजार समेत रु. ३७ लाख २ हजार बेरुजू कायमभएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु. २३ लाख १७ हजार फछ्र्यौट भई रु. १३ लाख ८५ हजार बेरुजू कायम भएको छ । | |
| ५३. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको | |

| | | |
|---|---|---|
| | बेरुजू स्थिति निम्नानुसार देखिएको छ :<br><br>गत वर्षको बेरुजू रकम (रु.) (A) \| यो वर्ष फछ्र्यौट (B) \| बाँकी (C= A-B)<br>३३६ \| ० \| ३३६ | |
| ५४. | **अद्यावधिक बेरुजू स्थिति :** लोमान्थाङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ३३६ | ० | १३८५ | १७२१ |

## अनुसूची–१
# लोमान्थाङ्ग गाउँपालिकाको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७४/७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मुस्ताङ | लोमान्थाङ गाउँपालिका | ३१ | १२ | ३७०२ | ० | ६ | २३१७ | ३१ | ६ | १३८५ | ९६८ | ४१७ | - | - | - | ४१७ | | | ० |
| २. | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची- २
# स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ४ (गण्डकी)**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तहको नाम | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | **लोमान्थाङ गाउँपालिका** | **मुस्ताङ** | ७४०४ | १००००० | ४२८४१ | ९१७२ | **१५२०१३** | ४१९४३ | ७७२५८ | १००६७ | **१२९२६८** | २२७४५ |
| २. | | | | | | | | | | | | |